# गोसाईकुण्ड गाउँपालिका

# गाउँसभाको
# १५ औँ अधिवेशन,
# २०८१

## गाउँपालिका अध्यक्ष श्री कैसाङ नुर्पु तामाङज्यूले प्रस्तुत गर्नु भएको आ.व.२०८१/८२ को नीति तथा कार्यक्रम

मिति २०८१/३/१०

## गोसाईकुण्ड गाउँपालिकाको १५ औँ गाउँअधिवेशनमा प्रस्तुत आर्थिक वर्ष २०८१-८२ को वार्षिक नीति तथा कार्यक्रम

यस गोसाईकुण्ड गाउँपालिकाको १५ औं गाउँ अधिवेशन समारोहमा उपस्थित गाउँपालिका उपाध्यक्ष ज्यु, सभामा उपस्थित सम्पूर्ण गाउँसभा सदस्य ज्यूहरु, गाउँ सभाका सचिव ,सञ्चारकर्मी मित्रहरु र राष्ट्रसेवक कर्मचारीहरु मेरो व्यक्तिगत तर्फबाट तथा गोसाईकुण्ड गाउँपालिकाको तर्फबाट हार्दिक स्वागत गर्न चाहन्छु ।

नेपालको संविधान २०७२ मार्फत संघीय लोकतान्त्रीक गणतन्त्रात्मक नेपालको स्थापना भएसँगै राजनीतिक रुपमा संरचना निर्माण भएका स्थानीयतहहरुको राजनीतिक प्रतिनिधित्व मार्फत नागरिकको घरदैलोको सरकारको रुपमा कार्य गरी रहेको सन्दर्भमा केहि वर्ष देखी विभिन्न कारणले देश आर्थिक संकट र महङ्गीको समस्या संग जुधिरहेको छ। यसबाट संघिय, प्रदेश र स्थानीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गई स्थानीय तहले संघ र प्रदेशबाट पाउनु पर्ने वित्तिय हस्तान्तरणमा नकारात्मक असर परेको बेला नेपालको संवैधानिक व्यवस्था बमोजिम यस स्थानीय तहको अगामी आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम सम्मानीत गाउँसभा समक्ष पेश गरेको छु। यस अवसरमा स्थानीय सरकारलाई प्राप्त हुँदै आएको रचनात्मक साथ, समर्थन र सहयोगका लागी सम्पूर्ण गाउँपालिका बासीमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु। प्रस्तुत नीति तथा कार्यक्रमले देशमा परेको चरम आर्थिक संकट अनियन्त्रित महङ्गी र बढ्दो बेरोजगारीको कारणले थला परेको अर्थतन्त्रलाई गतिशील बनाउदै समृद्ध पालिका निर्माण गर्ने विश्वास लिएको छु ।

यस महत्वपुर्ण समयमा म नेपालमा नागरिक सर्वोच्चता र लोकतन्त्रको स्थापना तथा मुलुकको समृद्धि र अग्रगमनका लागि इतिहासका विभिन्न कालखण्डमा भएका राजनीतिक क्रान्ति, जन विद्रोह, जनआन्दोलन लगायतका बलिदानीपूर्ण संघर्षमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात-अज्ञात शहीदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । साथै मुलुकमा राजनैतिक परिवर्तनको लागि विभिन्न समयमा नेतृत्व प्रदान गर्नुहुने श्रद्धेत नेताहरु, समुन्नतिको चाहना राख्नु हुने सम्पूर्ण गोसाईकुण्ड गाउँपालिकावासी जनतामा हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

यस गाउँपालिकाको नीति तथा कार्यक्रम तर्जुमा गर्दा मुलतः नेपालको संविधानमा उल्लेखित एकल र साझा अधिकार सूची आर्थिक अधिकार र आर्थिक कार्य प्रणाली मौलिक हकहरु, आर्थिक, सामाजिक विकास, प्राकृतिक स्रोतको उपयोग नीति, वातावरण संरक्षण सम्बन्धी नीतिहरु, नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरणको प्रतिवेदन, नेपाल सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु, नेपालले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताहरु, स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा आर्थिक नियमावलीका प्रावधानहरु, बिकासका समसामयिक मुद्दाहरु, दिगो विकास लक्ष्य २०३० को मार्गचित्र, मध्यमकालीन खर्च योजना, गोसाईकुण्ड गाउँपालिकाको आवधिक

योजनाबाट प्राप्त मार्गदर्शन सहित गाउँपालिकाको गाउँ, बस्ती - टोल हुँदै वडा समिति र विषयगत समितिहरुको बैठक, राजनीतिक दल लगायत सरोकारवालाहरु सँग छलफल, सामाजिक सञ्जाल र अन्तरक्रिया गरी प्राप्त सुझावहरुलाइ समेत आधार मानी तयार गरिएको छ ।

संघीय शासन प्रणाली एवम् सन्निकटताको सिद्धान्त बमोजिम स्थापित अधिकार सम्पन्न यस गोसाईकुण्ड गाउँपालिकाको “जल विद्युत, पर्यटन, रसुवागढी नाका पूर्वाधार र शिक्षा ! सुसंस्कृत र समृध्द गोसाईकुण्ड, लाङटाङ हाम्रो सदिक्षा" दिर्घकालिन सोचलाई साकार बनाउँदै स्थानीय सरकारप्रति जनविश्वास अभिवृद्धि गर्ने यस नीतिको प्रमुख उद्धेश्य रहेको जानकारी गराउन चाहन्छु ।

संघीय तथा प्रादेशिक सरकारको दीर्घकालिन सोच अनुरुप यस गोसाईकुण्ड गाउँपालिकाको दीर्घकालिन लक्ष्य बमोजिम आगामी समयमा यस पालिकालाई समृद्ध र सुशासनपूर्ण गाउँपालिकाको रुपमा व्यवस्थित गर्न आवश्यक पर्ने नीतिहरुको बारेमा विज्ञहरुबाट स्थलगत अध्ययन र अनुसन्धानमार्फत् प्राप्त सुझावहरु समावेश गरी लक्ष्य उन्मुख र अझै वस्तुनिष्ट नीति कार्यक्रम र बजेट तर्जुमा गर्ने प्रतबद्धता ब्यक्त गर्न चाहन्छु ।

**आदरणीय सभाका सदस्य ज्युहरु,**

अब म आगामी आर्थिक वर्ष २०८१/०८२ को नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

नेपाल सरकारले लिएको समृद्ध नेपाल सुखी नेपाली को राष्ट्रिय आकांक्षा अनुरूप गाउँपालिकाको सन्तुलित, समन्यायिक र समावेशी विकास गरी उच्च आर्थिक वृद्धिदर हासिल गर्ने र गरिबी निवारण गर्ने लक्ष्यलाई साकार पार्न, वर्तमान अर्थतन्त्रको संकट, र अनियन्त्रित महङ्गीबाट नागरिकलाई सुरक्षित र सिथिल अर्थतन्त्रलाई गतिशिल बनाउन प्रस्तुत नीति तथा कार्यक्रमले निम्न कार्यक्रमलाई प्राथमिकता दिने नीति लिइएको छ ।

## सभाका सदस्यज्यूहरु,

**अब म आ.व.८१/८२ का नीति तथा कार्यक्रम कार्यक्रम तर्जुमाका आधार प्रस्तुत गर्दछु ।**

***आर्थिक वर्ष २०८१/८२ को लागि वार्षिक नीति तथा कार्यक्रम तयार गर्दा लिइएका आधारहरु :***

१. नेपालको संविधानको मौलिक हक तथा अनुसूची ८ र ९ ले निर्दिष्ट गरेका स्थानीय तहको एकल तथा साझा अधिकारहरु, मौलिक हकहरु, राज्यका निर्देशक सिद्धान्त र नीतिहरु,

२. संङ्घीय सरकारले अंगिकार गरेका पन्ध्रौं आवधिक योजना (२०७६/७७ - २०८०/८१) तथा सोह्रौँ(२०८१/८२ - २०८५/८६) ले निर्धारण गरेको लक्ष्य र नीतिहरु,

३. सन् २०१६ देखि सन् २०३० सम्मको लागि निर्धारण गरिएका दिगो विकासका लक्ष्यहरु

४. नेपाल सरकारको आर्थिक वर्ष २०८१/८२ को बजेट, नीति तथा कार्यक्रम,

५. बागमती प्रदेश सरकारको आवधिक योजना

६. बागमती प्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२ को बजेट, नीति तथा कार्यक्रम

७. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ का विभिन्न प्रावधानहरु,

८. स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७५, संङ्घीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त मार्ग निर्देशनहरु,

९. माननिय सांसदज्यूहरु, विभिन्न राजनैतिक दलहरुबाट प्राप्त सुझाबहरु सरोकारबालाहरुबाट प्राप्त राय सुझाबहरु,

१०. विगत वर्षहरुमा सम्पन्न भएका गाउँ सभाहरुबाट पारित भएका निर्णयहरु,

११. स्थानीय राजश्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति,शिक्षा समिति तथा विषयगत समितिहरुबाट प्राप्त राय सल्लाह र सुझाबहरु,

१२. लेखापरीक्षण प्रतिवेदन, लैङ्गीक परीक्षण, सामाजिक परीक्षण लगायत विभिन्न प्रतिवेदनमा प्राप्त सुझाबहरु ।

१३. यसका साथै गोसाईकुण्ड गाउँपालिकाको विकास तथा समृद्धिको लागि सरोकार राख्ने राजनीतिककर्मी ,बुद्धिजीवि,समाजसेवी,विषयगत शाखा,कर्मचारी,संचारकर्मी शिक्षक,सुरक्षाकर्मी तथा सम्पूर्ण गोसाईकुण्ड गाउँपालिकाबासीबाट प्राप्त राय सुझाव तथा सल्लाह समेत बार्षिक नीति तथा कार्यक्रम तर्जुमाका आधारकका रुपमा रहेका छन।

## सभाका सदस्य ज्यूहरु

माथि उल्लेखित प्रयासहरुलाई सार्थक तुल्याने तथा विकास र समृद्धिको लक्ष्य प्राप्तिको सन्दर्भमा गाउँपालिकाको लागि तपसिल बमोजिमको अवसरहरु सिर्जना भएका छन ।

- स्थानीय सरकारहरु संविधानतः स्थापना भई २२ वटा एकल अधिकार र १५ वटा साझा अधिकार किटान भएकोमा सोही आधारमा कानून निर्माण गरी प्रभावकारी शासन संचालनको आधार तयार हुनु ।
- संविधान तथा कानूनले तय गरेका तहगत सरकारका बीच नीतिगत, कानूनी, संस्थागत र कार्यगत संरचनाहरुबीच समन्वय र अन्तरसम्बन्ध मजबुत हुनु साथै तीनै तहको
- सरकारले तर्जुमा गर्ने योजना, नीति, मध्यमकालिन खर्च संरचना, बजेट र बार्षिक कार्यक्रमबीच Vertical र Horizental अन्तर आवद्धता सकारात्मक हुनु ।
- आवधिक राष्ट्रिय एवम् प्रादेशिक योजना र  दिगो विकासका लक्ष्यहरु (सन् २०१५-२०३०) सँग आन्तरिकीकरण गरी स्पष्ट लक्ष्य निर्धारण भई विकासको मार्गचित्र तयार हुनु ।
- पर्यटकीय क्षेत्र लाङटाङ पदमार्ग तथा गोसाईकुण्ड धार्मिक स्थल रहनुले गाउँपालिकालाई पर्यटकीय गन्तव्यको रुपमा विकास गरी जनताको आर्थिक स्थिति सुदृढ बनाउन सकिने अवसर प्राप्त हुनु ।

• गाउँपालिकाको प्रशासकिय भवन, वडा कार्यालय, स्वास्थ्य चौकी,एवम् विद्यालयका भौतिक संरचना तथा शैक्षिक स्थिति सुधार हुनुका साथै  सूचना प्रविधिको पहुँच क्रमश विस्तार हुँदै जाँदा सार्वजनिक सेवा प्रवाहलाई छिटो, छरिता तथा नागरिकमैत्री बनाउने अवसर हुनु ।

## सभा सदस्य ज्यूहरु

**उल्लेखित अवसरको साथै हाम्रो समक्ष विभिन्न चुनौती समेत रहेका छन् ।**

- विकट हिमाली भूभागमा आवश्यक पूर्वाधार क्षेत्रको विकास गर्नु,
- नागरिकको समग्र जीवनयापनमा आउने सामाजिक वैधता सहितको अर्थपूर्ण, मापनयोग्य र दिगो सकारात्मक परिवर्तन गर्नु ।
- गोसाईकुण्ड गाउँपालिको विकासको निमित्त सघं प्रदेश, निजी क्षेत्र सहकारी, नागरिक समाज लगायत सम्बद्ध सरोकारित पक्षको सार्थक सहभागिता जुटाउनु
- आन्तरिक रोजगारीका सीमित अवसरका कारण वैदेशिक रोजगारीका लागि युवा जनशक्ति पलायन हुनु
- पर्याप्त अवसरहरुको कमी र भौगोलिक विकटताको कारण भईरहेको बसाईसराइ रोक्नु ।

- गाउँपालिकाको कठिन भौगोलिक परिवेश तथा पर्याप्त जनशक्तिको अभावको कारण प्रभावकारी सेवा प्रवाहमा कठिनाई हुनु ।
- गाउँपालिकाको न्यून आन्तरिक आय र सीमित स्रोत साधनको प्रयोग गरी विकास निर्माणका कार्यलाई मालिकावासीको इच्छा, आकाक्षा अनुरुप सम्पादन गर्नु

<u>सभाका सदस्य सदस्यज्यूहरु</u>

**अव म  चालु आ.व.को हाल सम्मको प्रमुख उपलब्धिहरुलाई संक्षिप्त रुपमा प्रस्तुत गर्दछु ।**

गाउँपालिकाको हाल जेष्ठ मसान्तसम्म आइपुग्दा ६० प्रतिशत,जसमध्ये  चालुतर्फ पुँजीगत तर्फ ४५ प्रतिशत प्रगति भएको छ ।जसतर्फ आर्थिक विकासतर्फ ४३ प्रतिशत,सामाजिक विकासतर्फ ५६ प्रतिशत,पूर्वाधार विकास तर्फ .४० प्रतिशत संस्थागत विकास र सुशासन तर्फ ६५ प्रतिशत देखिएको छ । आर्थिक दायित्व सिर्जना भई भुक्तानको प्रक्रियामा रहेको हुँदा असार मसान्त सम्म ७५ देखि ८० प्रतिशत कार्यसम्पादन हुने अपेक्षा राखिएको छ । स्वास्थ्यत समुदायमा निशुल्क स्वस्थ्य शिविर मार्फत ४०० जनाको स्वस्थ्य परीक्षण तथा उपचार गरिएको,पालिकाबाट सञ्चालित निशुल्क एम्बुलेन्स सेवा मार्फत ७७ जनालाई सेवा प्रदान गरिएको विपन्न नागरिकको लागि औषधि उपचारको लागि ११ जनालाई सिफारिस गरिएको अति विपन्न ६ जना  नागरिकलाई स्वास्थ्य उपचारको लागि  नगद सहायता प्रदान गरिएको छ ।

सामाजिक सुरक्षा भत्ता वितरण पूर्णतह अनलाइन प्रणालीEFT मार्फत हुने गरेको छ ।समृद्ध गोसाईकुण्ड गाउँपालिका निर्माणका लागि सडक सञ्जाल विस्तार तथा स्तरोन्ततीलाई प्राथमिकता दिई यस आ.व.मा कि.मी नयाँ सडक १० किमि र २  किलोमिट ढलान नाली सहितको सडकक स्तरोन्नती  गर्ने कार्य सम्पन्न भएको छ । अनिवार्य तथा निशुल्क शिक्षालाई

व्यवहारमा कार्यान्वयनमा ल्याइएको छ। निशुल्क शिक्षाको अवधारण अनुरुप १००० जना सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीका लागि निशुल्क पोसाक ब्याग एवम् शैक्षिक सामग्री वितरण गरिएको छ ।पालिकालाई खेल हवको रुपमा विकास गर्न राष्ट्रपति रनिङशिल्ड एवम् गाउँपालिका अध्यक्ष कप सम्पन्न गरिएको छ । कृषिलाई प्राथमिकतामा राख्दै निशुल्क तरकारी बीउ बीजन वितरण गरी वितरण गरी १०५० कृषक लाभान्वित भएका छन। कृषक तालिम मार्फत व्यवसायिक कृषिमा आकर्षित गराउन २५ जना अगुवा कृषकहरुलाई ५ दिने तालिम प्रदान गरिएको छ ।प्रधानमन्त्री स्वरोजगार कार्यक्रम अन्तर्गत विभिन्न वडामा १०० दिने स्वरोजगार कार्यक्रम सञ्चालन गरी ४५ जना वेरोजगार युवालाई रोजगारी प्रदान गरिएको छ । पशुसेवातर्फ गाउँपालिका भर रहेका २३०० चौरी र गाईमा महामारी लम्पिस्किन रोग विरुद्ध निशुल्क खोप सञ्चालन गरिएको,वडा नं ६ भित्र १०२ वटा छाडा तथा घरपालुवा कुकुरहरुमा स्थायी बन्ध्याकरण तथा रेबिज विरुद्ध निशुल्क खोप सञ्चालन गरिएको ,नशल सुधारका लागि गाई भैसिका लागि कृत्रिम गर्भाधान सेवा सुरुवात गरिएको छ ।

गोसाईकुण्ड गाउँपालिका देशमा समाजवाद उन्मुख आर्थिक सामाजिक रुपान्तरणको लागि राजनीतिक स्थायित्वसुखी ,विकास र सामाजिक न्यायसहितको समृद्ध नेपाल ,सुशासन , नेपालीको राष्ट्रिय आकाङ्क्षा पुरा गर्न प्रतिवद्ध रहेको छ। नेपाली जनताको सुख र समुन्नतिका लागि सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ गर्दै नागरिकलाई प्रभावकारी रुपले सेवा प्रवाह गर्दै नागरिकमा राज्यप्रति आशा र भरोसा जगाउने गरी गाउँपालिकाले आफ्नो नीति तथा कार्यक्रम कार्यान्वयन गर्दै आएको छ ।

स्थानीय तहको शासनलाई व्यवस्थित रुपले अभ्यास गर्दै संविधान कार्यान्वयनसङ्घीयताको , ,रोजगारी सिर्जना ,उत्पादन र उत्पादकत्व वृद्धि ,अर्थतन्त्रको सुधार र पुनरुत्थान ,सवलीकरण नागरिकमैत्री शासन ,सार्वजनिक सेवा प्रवाहमा सुधार र सवलीकरण ,सुशासन प्रवर्द्धन प्रणालीको स्थापना तथा भ्रष्टाचार नियन्त्रण यस गाउँपालिकाको मुख्य प्राथमिकतामा रहेका छन् ।

विद्युतीय हाजिरी उपयोगमा ल्याइएको छ । त्यसलाई थप व्यवस्थित गरिदैं लगिनेछ । कार्यालयमा आन्तरिक सञ्चारको लागि इन्टरकम टेलिफोन प्रविधिको प्रयोग गरिएको छ । राजश्व संकलनलाई सरल, सहज र पारदर्शिताको साथै राजश्व चुहावटलाई नियन्त्रण र नियमन गर्नको लागि विद्युतीय रसिदको अभ्यासलाई लागु गरिएको छ । सेवा प्रवाहलाई

प्रविधिमैत्री वनाउँदै लगिएको छ। फोहोरमैला व्यवस्थापनको लागि ६ नं .नं ५ वडा धुञ्चे र . वडा स्याफ्रुमा टिप्परको व्यवस्था गरिएकोछ।

यस गाउँपालिकामा रहेका दुई ओटामा माध्यमिक तह पढाई हुने सामुदायिक विद्यालय रसुवा मार को .वि.मिन श्यामेवाङ्फेल मामा विद्यार्थीहरुको आवतजावतलाई व्यवस्थित गर्न .वि. निशुल्क वसको व्यवस्था गरिएको छ ।जसबाट विद्यालयमा अध्यनरत गरिब ६०० विद्यार्थीले सुविधा प्राप्त गरिरहेका छन । साथै यो वर्ष पनि सामुदायिक विद्यालयमा अध्ययनरत १००० विद्याथीहरुको लागि निशुल्क पोशाक एवम् शैक्षिक सामग्रीको व्यवस्था गरिएको छ । विद्यार्थी भाइवैनीहरुको पढाईको वातावरण व्यवस्थापन गर्न निशुल्क छात्रावासको अभ्यास गरिएको छ।**सभाका सदस्य ज्यूहरु अव म गोसाईकुण्ड गाउँपालिकाको आ,व.८१/८२ को बार्षिक नीति तथा कार्यक्रम पेश गर्दछु।**

# अ आर्थिक विकास

## क.उद्योग,पर्यटन व्यवसाय एवम् वन तथा वातावरण

१.स्थानीय तहमा आर्थिक सशक्तीकरण तथा व्यवसाय सीप,उद्यमशीलता तथा औद्योगिक प्रवर्द्धन,विशिष्टीकृत बस्तु उत्पादन,रोजगारी वृद्धि गरी स्थानीय बासिन्दाको आर्थिक अवस्था सृदृढ गरिनेछ।

२. **" हाम्रो उत्पादन हाम्रो स्वाभिमान "** अन्तर्गत स्थानीय उत्पादनलाई प्रवर्द्धन र उपयोग गरिनेछ। रोजगारी र उद्यमशीलता उन्मुख स्वरोजगारका लागि सीप पुँजी र व्यवसायिक तालिम उपलब्ध गराइनेछ।

३.परम्परागत सीपहरुको संरक्षण प्रर्वद्धन तथा नागरिकको जीविकोपार्जनलाई मजबुत बनाउन स्थानीय परम्परागत सामग्री एवम् उत्पादनलाई ब्रान्डिङ गर्न आवश्यक समन्वय एवम नीतिगत व्यवस्था गरिनेछ।

४. "घुमौ गोसाईकुण्ड र लाङटाङ चिनौँ गोसाईकुण्ड पालिका" भन्ने नाराका साथ गाउँपालिका भित्रका प्राकृतिक,धार्मिक तथा साँस्कृतिक सम्पदाहरुको पहिचान अभिलेखीकरण डकुमेन्ट्रि मोबाइल एपको निर्माण लगायत प्रविधिको प्रयोग गरी कृषि एवम् पर्यटन क्षेत्रलाई डिजिटलाइजेशन गरिनेछ।

५. होटेल व्यवसायलाई अझै मर्यादित र व्यवस्थित बनाइने नीति लिइने छ। स्थानीय उत्पादन र पहिचानलाई प्राथमिकतामा राख्न व्यवसायिहरुलाई उत्प्रेरित गरिनेछ।

६. पाहुना घर र होम स्टेको विकासका लागि निजी व्यवसायिसँग समन्वय गरी ग्रामीण पर्यटन प्रवर्द्धन गरिनेछ।पाहुना घरलाई स्थानीय सँस्कृति,भेषभूषा,मौलिकता र परम्परागत सीपलाई आर्गानिक तथा घरेलु उत्पादनसँग आवद्ध गरिनेछ।

७ धुन्चे गोसाइकुण्ड केबलकार निर्माणको लागि गाउँपालिकाको दिर्घकालिन योजना निर्माणको लागि बिषेश पहल गरिने छ।

८ नयाँ पर्यटन पदमार्गको खोजी तथा हाल सञ्चालनमा रहेका पदमार्गहरुको प्रचार प्रसार एवम् प्रर्बर्द्धनमा जोड दिइने छ।

९ परम्परागत मौलिकता एवम् सामग्रीको प्रयोग गरी स्थानीय सँस्कृत झल्कने गरी निर्माण गरिने संरचनामा सहुलियत प्रदान गरिने नीति अवलम्बन गरिनेछ।

१० पालिकाभित्रका, प्राकृतिक, साँस्कृतिक एवम् साँस्कृतिक स्थलहरुको सहज यात्राका लागि सङ्केत एवम् निर्देशन बोर्डको प्रयोग मार्फत प्रर्यटहरुलाई सहायता प्रदान गरिनेछ।

१० तामाङ सङ्ग्राहलको व्यवस्थापन गरी अझ प्रभावकारी रुपमा सञ्चालन गर्न बजेटको व्यवस्थापन गरिनेछ।

११ स्थानीय स्तरमा उत्पादित सामाग्रीहरुको प्रर्बर्द्धन र प्रोत्साहन र बजारीकरणको लागि आवश्यकता अनुसारका कोशेली घर स्थापना गरी सञ्चालनमा ल्याइने छ।

१२ फोहरमैला व्यवस्थापनका लागि आवश्यक तयारी एवम् कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याइने छ

१३ वन पैदावार एवम् जडीबुटीलाई जनताको जीवनस्तरसँग जोडी त्यसबाट आर्थिक लाभ लिन आवश्यक नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

## ख.कृषि विकास

१. सबै वडाहरुमा कृषि ईकाइ स्थापना गरी सम्पुर्ण कृषकहरुको लागि कृषि प्राविधिकको पहुँचलाई सुनिश्चितता प्रदान गरिने छ।
२. गाउँपालिका भित्रका सबै वडाका टोल टोलहरुमा हप्तामा एकपटक कृषि सम्बन्धि समस्याको कृषकहरुको गुनासो सुन्ने व्यवस्था गरिने छ।
३. बिउबिजन फलफुलका ,बिरुवापुष्प खेति तथा जैविक विषादी अनुदान ,च्याउ खेति, दिने नीतीलाई निरन्तरता दिइनेछ। बीउबिजन वितरणका लागि निश्चित समय

तालिका बनाएर उपयुक्त समयमा उपयुक्त बीउबिजन उपलब्ध गराउने निति लाई निरन्तरता दिईने छ ।

४. प्रत्येक वडामा कृषक स्वयम सेवक परिचालन गरिने छ ।

५. एक विद्यालय एक करेसावारी कार्यक्रम मार्फत सरकारी विद्यालय छनौट गरी विद्यालयको खाली रहेको जग्गामा विभिन्न कृषि कार्यक्रम सञ्चालन गरी पढदै कमाउदै कार्यक्रम लागु गरी आगामी बर्षहरुमा कृषि प्राविधिक विद्यालय स्थापना गरिने नितीलाई निरन्तरता दिइने छ ।

६. उच्च घनत्वको स्याउ खेतिलाई गाउँपालिकाको चिनारीको रुपमा विस्तार गरिनेछ ।

७. बर्षै भरी मौसमी तथा बेमौसमी तरकारी उत्पादन गर्नको लागि प्रत्येक वडामा ग्रिल सहितको प्लाष्टिक घर निर्माणलाई निरन्तरता दिइने छ ।

८. वैज्ञानिक खेतिका लागि माटोको उर्वरा शक्ति कायम राख्दै माटोको परिक्षण ल्याव सेवाबायोचार निर्माण कार्यक्रम सञ्चालनमा ,गड्यौला ,भर्मिकम्पोष्ट ,कम्पोष्ट मल , ल्याई दिगो कृषि उत्पादनको सुनिश्चितता गरिनेछ ।

९. कृषकलाई समयानुकुल ज्ञान, सीप तथा क्षमता विकासको लागि निःशुल्क तालिमको व्यवस्था मिलाइनेछ । त्यस्तो तालिम प्राप्त गरिसकेपछि अनिवार्य रुपमा कृषि व्यवसाय गर्न कवुल गराइने छ ।

१०. कृषकहरुको जागर एंव मनोवल बृद्धि गर्न उत्कृष्ट कृषकलाई पुरस्कार तथा प्रमाण पत्रको व्यवस्थापन गरिनेछ ।

११. कृषि प्राविधिक विस्तारको लागि मल्चिङ्ग प्लाष्टिकथोपा सिचाई कार्यक्रम , सञ्चालन गरिने छ ।

१२. कृषि विकास क्षेत्रमा उत्पादनमा आधारित प्रोत्साहन गर्न आवश्यक पर्ने क्षेत्रहरुको पहिचान गरी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१३. गरिवमहिला र अपांगता भएका व्यक्ति तथा परिवारका सदस्यहरुलाई ,दलित , समूहमा आवद्धता गराई फलफुल र विउबिजन वितरणमा अनुदानको व्यवस्था गरिनेछ।

१४. कृषकको आवश्यकता अनुसारको अन्तर जिल्ला स्तरीय कृषक अध्ययन अवलोकलन भ्रमणको व्यवस्था गरिनेछ ।

१५. कृषियोग्य भूमिको पूर्ण उपयोग सुनिश्चित गर्न गाउँपालिका भित्र रहेका कुनै पनि कृषियोग्य जमिन बाँझो राख्न दिइने छैन । बाँझो जमिनमा खेति गर्न चाहने जोकोही किसानलाई उत्पादनको मात्राको आधारमा अनुदान दिने व्यवस्था गरिनेछ ।

१६.	बाली संरक्षण गर्न कृषि बिमा प्लान्ट क्लिनिक आईविषादी ,पिएम कार्यक्रम. वैज्ञानिक प्रयोग तथा मनाव स्वस्थ्य सम्बन्धि सचेतना कार्यक्रम सञ्चालनमा ल्याईने छ ।

१७.	कृषि उत्पादनउत्पादकत्व बृद्धि गर्न लगायत न्युनिक ,रण गर्न कृषि यन्त्र उपरणहरु प्रयोग कृषक समक्ष पुर्याउन कृषि यन्त्र उपकरणमा अनुदान दिने व्यवस्था मिलाइने छ ।

१८.	किसानको ध्यान कृषि प्राविधिकको ज्ञान कार्यक्रम मार्फत कृषकहरुको अनुभव र गाउँपालिका कृषि विकास शाखाको प्राविधिक जनशक्तिको सहयोगमा स्थानीय स्तरमै तालिम सञ्चालन गरिने छ ।

१९.	बैदेशिक रोजगारबाट फर्केका युवाहरुलाई कृषि कार्य गर्न प्रोत्सान गरिने छ ।

२०.	सङ्घीय नीति अनुसार गाजा खेतीलाई व्यवसायिकीकरण गरिने नीति लिइने छ ।

२१.	संघ र प्रदेश सरकारले अवलम्वन गरेको एक वडा एक कृषि उत्पादन लागत साझेदारी कार्यक्रमलाइ प्रवर्द्धन र प्रोत्सान गरिने छ ।

## ग.पशु सेवा

१. वडाहरुमा भएका पशु सेवा ईकाई हरुको व्यवस्थापन तथा ईकाई नभएका वडाहरुमा पशु सेवा ईकाइ स्थापना गरी सम्पुर्ण पशुपालक कृषकहरुको लागि पशु प्राविधिकको पहुँचलाई सुनिश्चितता प्रदान गरिने छ ।

२. गाउँपालिका भित्रका सबै वडाका टोल टोलहरुमा हप्तामा एकपटक पशु चौपाया सम्बन्धि समस्याको कृषकहरुको गुनासो सुन्ने व्यवस्था गरिने छ ।

३. विभिन्न संक्रामक रोगहरु विरुद्ध निशुल्क खोप तथा औषधि वितरणमा निरन्तरता दिइने छ।

४. स्थानीय स्तरमा पशुपालन व्यवसाय प्रवर्द्धन गर्न पशु प्रयोगशालाको स्थापना तथा व्यबस्थापन गरिनेछ ।

५. कृषकहरुको क्षमता अभिबृद्धिको लागि कृषक पाठशाला कार्यक्रम सञ्चालन गरिने छ ।

६. विधालय स्तरमा इपिडियोमोलोजिकल तथा जुनोटिक रोगहरु संग सम्बन्धित जनचेतना मुलक कार्यक्रमहरु सञ्चालन गरिने छ ।

७. रेविज मुक्त गाउँपालिका निर्माण गर्न रेविज रोग विरुद्ध निःशुल्क खोप तथा कुकुरहरुमा स्थाई बन्ध्याकरण कार्यक्रम सञ्चालन गरिने छ ।

८. पशु नश्ल सुधारका कार्यक्रमलाई थप प्रभाबकारी बनाई निरन्तरता दिईने छ ।

९. पशुपालक कृषकहरुलाई प्रोत्साहन तथा मनोवल बृद्धि गर्न उत्कृष्ट पशुपालक कृषकहरुलाई पुरस्कार तथा प्रमाण पत्रको व्यवस्थापन गरिनेछ ।

१०. आर्थिक अवस्था कमजोर भएका रोगगारी नभएका दलितगरिब तथा बिपन्नन, परिवारको आयआर्जन वृद्धिगरि जिवनस्तर सहज र गुणस्तरिय बनाउन निर्भाहमुखि पशुपन्छिपालन कार्यक्रम सञ्चालन गरिने छ।

११. पशुपालन व्यवसाय प्रवर्द्धन गर्न ५०लागत साझेदारीमा बिभिन्न कार्यक्रम % सञ्चालनलाई निरन्तरता दिईने छ।

१२. एक स्वास्थ्य रणनिती अन्तर्गत पशुपन्छि बाट मानिस तथा मानिस बाट पशुपन्छिमा सर्न सक्ने रोगहरुको बारेमा जनचेतना अभिवृद्धि गर्ने खालका कार्यक्रम सञ्चालन गरिने छ ।

१३. बैदेशिक रोजारबाट फर्केका युवाहरुलाई पशुपालन व्यवसाय गर्न प्रोत्सान गरिने छ।

## घ. श्रम तथा रोजगार

१. मर्यादित श्रम सहितको रोजगारीको सुनिश्चितत गरिनेछ।श्रमको हक अधिकार र न्यूनतम पारिश्रमिकको व्यवस्था गरिनेछ।**"श्रमको सम्मान राष्ट्रको अभियान"** अन्तर्गत गाउँपालिका भित्र सञ्चालन हुने विकास आयोजनाहरुमा आवश्यक पर्ने दक्ष,अर्ध दक्ष र अदक्ष नागरिकहरुलाई रोजगारीमा आवद्ध गराउन प्रयास गोसाईकुण्ड गाउँपालिकाको रोजगार सेवा केन्द्रमा सुचिकृत भएका वडा नं. १ देखि वडा नं. ६ सम्मका वेरोजगार व्यक्तिहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत युवा रोजगारीका लागि रुपान्तरन पहल आयोजनाहरु तथा कामका लागि पारिश्रमिकमा आधारित समुदायिक आयोजनाहरुमार्फत न्यूनतम रोजगारी उपब्ध गराइने छ।

२. स्थानीय विकास निर्माणमा स्थानीय स्तरमै रोजगारी सिर्जना गर्ने,श्रम परिचालन गर्ने मोडेलको विकास गर्न,वेरोजगार जनशक्तिको पहिचान शसक्तीकरण र सकारात्मक विभेद मार्फत समावेशी रोजगारीको प्रर्वर्द्धन गरिनेछ।

३. वैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाई उद्यमशील कार्यमा उत्प्रेरित गरी गाउँमा नै बस्ने वातावरण निर्माण गरिने छ।

४. युवा रोजगारीका लागी रुपान्तर पहल आयोजना तथा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरुलाई सशक्त रुपमा सन्चालन गरिने छ।

५. वैदेशिक रोजगारीमा जान चहाने व्यक्तिहरुका लागी पुर्ण श्रम स्वीकृत तथा नयाँ श्रम स्वीकृतको लागी मन्त्रालयको निर्देशन बमोजिमको सम्पुर्ण व्यवस्था रोजगार सेवा केन्द्रबाट गरिने छ।

६. आ.व. २०८१/८२ मा गाउँपालिका तथा वडा तहमा दक्ष कामदारको ज्याला तथा निर्माण सामग्री गाउँपालिकाबाट लागत साझेदारी हुने गरी प्रधानमन्त्री रोजगार कार्यक्रमसँग साझेदारीमा आयोजनाहरु कार्यान्वयन गरिनेछ ।

# २.सामाजिक विकास

## क.शिक्षा युवा तथा खेलकुद शाखा

"अनिवार्य तथा नि : शुल्क शिक्षा र शैक्षिक गुणस्तर, गोसाईंकुण्ड गाउँपालिकाको समृद्धिको आधार"

१. चुनावी घोषणा पत्रमा गरिएको प्रतिवद्धता कार्यान्वयनका लागि शिक्षालाई पूर्ण:अनिवार्य तथा नि:शुल्क बनाइने छ । **शून्य लागतमा शिक्षा** अवधारणा कार्यान्वयन गर्न गाउँपालिकाले प्रदान गर्दै आएको नि:शुल्क पोसाक एवम् शैक्षिक सामग्री वितरण कार्यलाई निरन्तरता दिइने छ ।

२. शैक्षिक सत्र २०८१ लाई "शैक्षिक गुणस्तर सुधार बर्ष"का रुपमा घोषणा गरिनेछ । यसको कार्यान्वयनका लागि वडाकार्यालय एवम् विद्यालय व्यवस्थापन समितिसँगको समन्वयमा विद्यालयको भौतिक एवम् शैक्षिक सुधारका साथै अनुगमन निरीक्षणलाई प्रभावकारी बनाइनेछ ।

३. गाउँपालिकाभित्र सञ्चालित न्यून विद्यार्थी सङ्ख्या भएका विद्यालयमा बहुकक्षा शिक्षण गर्ने व्यवस्था गरिनेछ । भौगोलिक दुरीको आधारमा न्यून विद्यार्थी सङ्ख्या भएका विद्यालयहरुमा बाल विकास कक्षा मात्र सञ्चालन गरी कक्षा १ देखि नै **"मेघा विद्यालय"** को अवधारण अनुसार केन्द्र विद्यालय कायम गरी छात्रावास सहितको पठन पाठनको व्यवस्था मिलाइने छ ।

४. स्थानीय पाठ्यक्रम लाङ्टाङको सेरोफेरो लाई (५-१) संशोधन एवम् परिमाजर्न गरी वर्तमान परिवेश अनुरुप बनाइ कक्षा ८ सम्म विस्तार गरी सामुदायिक एवम् संस्थागत विद्यालयहरुमा नि:शुल्क वितरणको व्यवस्था मिलाइनेछ ।

५. आधुनिक सूचना तथा सञ्चार प्रविधिसँग शिक्षालाई जोडिनेछ । शिक्षकलाई सूचना तथा सञ्चार प्रविधिसँग परिचित गराइ नवीन अवधारणा अनुसार शिक्षण गर्न कार्य सम्पादन र

आवश्यकताका आधारम  एक विद्यालय-एक ल्याप्टप कार्यक्रम परीक्षणको रुपमा लागु गरिनेछ र त्यसको प्रभाव मूल्याङ्कनका आधारमा आगामी बर्ष नियमितता दिइने छ ।

६. गाउँपालिकाको शैक्षिक गुणस्तरलाई सुधार गर्न **गा.पा.अध्यक्ष शैक्षिक सुधार कार्यक्रम** लाई निरन्तरता दिइनेछ भने विद्यालयको कार्यसम्पादनका आधारमा विद्यालयलाई थप आर्थिक अनुदान वितरणको व्यवस्था मिलाइनेछ ।

७. भौगोलिक रुपमा विद्यालयबाट टाढा बसोबास गर्ने विद्यार्थीका लागि नि:शुल्क रुपमा **विद्यालय बस**को व्यवस्थालाई व्यवस्थित रुफमा सञ्चालनका लागि कार्यविधि बनाई नियमित रुपमा सञ्चालनमा रहने व्यवस्था मिलाइनेछ ।

८. विद्यार्थी सङ्ख्याको आधारमा पूर्व प्राथमिक तह (ECD) लाई अनिवार्य रुपा प्रि १ र प्रि २ गरी बिभाजन गरी  अङ्ग्रेजी माध्यममा पठन पाठन सुचारु गरिनेछ । बाल विकास देखि कक्षा ३ सम्म अङ्ग्रेजी माध्यमबाट शिक्षण गर्ने विद्यालयलाई थप सहायता प्रदान गरिनेछ । यस कार्यका लागि शिक्षक अङग्रेजी विषयमा दक्षता हासिल गरेका व्यक्तिहरुलाई स्वयम सेवक शिक्षकको रुपमा परिचालन गरी शैक्षिक गुणस्तर सुधार गर्नुका साथै युवालाई सेवा भावप्रति अग्रसर गराइनेछ ।

९. “स्वस्थ विद्यार्थी- स्वस्थ घर -स्वस्थ पालिका -हाम्रो रहर”  भन्ने नाराका साथ स्वास्थ्य शाखासँगको समन्वयमा  सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुको नियमित रुपमा स्वास्थ्य परीक्षण स्वास्थ्य सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

१०. गाउँपालिका भित्र सञ्चालित संस्थागत विद्यालय एवम् छात्रावासको नियमन गरी कानुनसँगत रुपमा सञ्चालनको व्यवस्था मिलाउनुका साथै आर्थिक पारदर्शिता कायम गरिनेछ ।

११. शिक्षा क्षेत्रका सबै किसिमका छात्रवृत्तिहरु एकद्वार प्रणाली मार्फत वितरण गर्ने प्रबन्ध मिलाइनेछ । विभिन्न आयोजना, राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरुले दिने विद्यालय सहायता एवम् छात्रवृत्तिलाई  समेत समाज कल्याण परिषदसँगको समन्वयमा एकद्वार प्रणालीबाट लागु हुने व्यवस्था मिलाईने छ ।

१२. उपाध्यक्षसँग किशोरी कार्यक्रम सञ्चालन गरी किशोरीहरु प्रतिरक्षा लगायतका कार्यक्रम सञ्चालन गरी शारीरिक तथा मानशिक रुपमा सबल र शसक्त बनाइनेछ ।

१३. विद्यार्थीहरुमा सङ्घीयता र स्थानीय सरकार गठन,कार्यसञ्चालन लगायतका विषयमा सुशिक्षित गराइ राजनीतिक जागरण गराउने उद्धेश्यले उपाध्यक्षसँग संसदीय अभ्यास कार्यक्रम सञ्चालन गरिनेछ ।

१४. पालिका भरिका शिक्षक तथा कर्मचारीहरुलाई पुल दरबन्दी कायम गरी कार्यसम्पादन एवम् औचित्यताका आधारमा कामकाजका लागि खटाइने व्यवस्था गरिने छ ।

१५. स्थानीय उत्पादनको प्रर्वद्वन, विद्यार्थीको पोषण सुधार र विद्यार्थीलाई स्थानीय आवश्यकता अनुसारको सीप विकास एवम् श्रम संस्कृतिको विकास गर्न कृषि शाखाको समन्वयमाएक विद्यालय एक करेसाबारी" ” कार्यक्रम सञ्चालन गरी करेसा बारीको उत्पादनलाई विद्यार्थी दिवा खाजामा उपयोग गरिने नीति लिइनेछ ।

१६. विद्यालयलाई सिकाइ केन्द्रको रुपमा विकास गरिनेछ । बाल विकास केन्द्रको सुदृढीकरण गरी प्रविधिमैत्री बनाइनेछ ।

१७. प्रधानाध्यापक,शिक्षक एवम् कर्मचारी प्रोत्साहनका लागि शुक्रवारीय क्रियाकलापमा पालिका एवम् विद्यालयको पहिचान सहितको शिक्षक पोसाकमा एकरुपता ल्याइनेछ ।

१८. विद्यालय सुशासन कायम गर्न विद्यालय लेखा प्रणालीमा सुधार गरिनेछ। सामुदायिक तथा संस्थागत विद्यालयको लेखापरीक्षण निश्चित मापदण्ड तोकी पालिका मार्फत तोकीएका लेखापरीक्षकबाट गर्ने व्यवस्था मिलाइ आर्थिक पारदर्शिता कायम गरिनेछ ।

१९. बालबालिकाको चौतर्फी विकासका लागि अतिरिक्त क्रियाकलापलाई नियमित रुपमा सञ्चालन गरि प्रतिभा प्रष्फुटनको अवसर प्रदान गरिनेछ । विद्यालयलाई संस्कृति संरक्षणको केन्द्रको रुपमा विकास गर्न साँस्कृतिक नृत्य,गायन लगायतका कार्यक्रम सञ्चालन र त्यसका लागि आवश्यक पोसाक लगायतका सामग्रीहरुको व्यवस्थापन मिलाइनेछ ।

२०. नतिजा तथा कार्यसम्पादनका आधारमा उत्कृष्ट विद्यार्थी ,शिक्षक ,प्रधानाध्यापक तथा विद्यालयलाई पुरस्कृत गरी शिक्षण सिकाइमा थप उर्जा प्रदान गरिनेछ ।

२१. करार, राहत तथा अस्थायी दरबन्दीमा कार्यरत शिक्षक तथा कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गरी औचित्यताका आधारमा करार सम्झौता थप गर्ने र कार्यसम्पादनमा कम्जोर देखिएमा करार सम्झौता नवीकरण नगरि नयाँ जनशक्तिको व्यवस्थापन गरिनेछ ।

२२. विद्यालयलाई प्रविधिमैत्री बनाउन इन्टरनेट तथा सिसि क्यामेराको व्यवस्थापन गरिनेछ

२३. पालिका भित्र अनिवार्य विषयहरुको रोष्टर निर्माण गरी शैक्षिक गतिविधिलाई चलायमान बनाइनेछ ।

२४. सामुदाय र विद्यालयको साझेदारिमा विद्यालय हरियाली कार्यक्रम सञ्चालन गरी विद्यालयमा हरियाली प्रर्वर्द्धन गरिनेछ ।

२५. सामुदायिक विद्यालयमा विद्यार्थी र अभिभावकको आकर्षण बढाउन बाल विकास कक्षाबाटै अङ्ग्रेजी माध्यमबाट पठनपाठन गर्ने व्यवस्था मिलाइनेछ ।

२६. विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारीहरुको क्षमता अभिवृद्दि कार्यक्रम सञ्चालन गरि विद्यालयको विकास निर्माणमा सक्रिय बनाइनेछ ।

२७. विद्यालयमा संचालन हुने त्रैमासिक परीक्षा र बार्षिक परीक्षा पालिकास्तरीय रुपमा संचालन गरिने नीतिलाई निरन्तरता दिइनेछ । मासिक रुपमा १ विद्यालय छनौट गरी सबै कक्षाको पालिकास्तरी सिकाइ उपलब्धि स्तर मापन गरिने छ र उक्त सिकाइ उपलब्धि स्तरलाई शिक्षक प्रोत्साहनको सूचकको रुपमा उपयोग गरिने छ ।

२८. विपन्न, टुहुरा, अशक्त एवम् शैक्षिक सहायता आवश्यक पर्ने विद्यार्थीहरुका लागि पालिका अध्यक्ष छात्रवृत्ति कार्यक्रम मार्फत विद्यालय तहदेखि विश्व विद्यालयतह सम्मको शिक्षामा पहूँच सुनिश्चित गरिनेछ । युवा तथा खेलकुदलाई विषेश प्राथमिकतामा राख्दै युवा प्रतिभा पहिचान एवम् खेलकुद हवका रुपमा पालिकालाई विकास गरिनेछ ।

२९. शैक्षिक गुणस्तरमा सुधार ल्याउन गाउँपालिकाले प्रधानाध्यापक र विद्यालयका प्रधानाध्यापकले अन्य विषयगत शिक्षकसँग कार्य सम्पादन करार गर्ने र उपलब्धी सार्वजनिकीकरण गर्ने व्यवस्था मिलाइनेछ । उत्कृष्ट कार्य सम्पादन गर्ने विद्यालयलाई नमुना विद्यालयका रुपमा विकास गरिनेछ ।

३०. शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायीक, सीपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउदै सक्षम, प्रतिस्पर्धी बनाउनका लागि संघीय र प्रादेशिक कानून बमोजिम शिक्षक पदपूर्ती तथा व्यवस्थापन गरिदै लगिनेछ ।

३१. मातृभाषामा शिक्षा तथा विभिन्न अपांगता भएका व्यक्तिहरुलाई अनिवार्य शिक्षा व्यवस्थाका लागि भाषिक अवस्था र अपाङ्गता पहिचान गर्न भाषिक तथा अपांगता सर्वेक्षण गरिनेछ ।

३२. शिक्षण सिकाइलाई थप प्रभावकारी बनाउन कक्षा कोठामा डिजिटल प्रविधिको प्रयोगलाई प्रोत्साहित गरिनेछ त्यसका लागि ICT क्षमता विकास तालिम लगायतका कार्यक्रमा सञ्चालन ।

३३. शैक्षिक सुधारको लागि निर्माण गरिएको गाउँ शिक्षा योजनालाई समयानुकूल परिमार्जन गरिनेछ ।

३४. सामुदायिक तथा संस्थागत विद्यालयका शिक्षकहरुको पेशागत विकासको लागि तालिम, गोष्ठी तथा सेमिनार जस्ता कार्यक्रमलाई मितव्ययी ढंगबाट संचालन गरिनेछ ।

३५. युवालाई रोजगारी सिर्जना गर्न प्लबर,ब्युटिसियन लगायतको छोटा अवधिको तालिम सञ्चालन गरी रोजगारीका क्षेत्र पहिचान एवम् युवा सहायत कार्यक्रम सञ्चालन गरिनेछ ।

३६. खेलकूद विकास र खेलाडी उत्पादनका लागि पालिका अध्यक्ष कप, राष्ट्रपति रनिङ शिल्ड एवम् विद्यालय स्तरबाट नै खेलकूद सम्बन्धी गतिविधिलाई चलायमान बनाई खेल हव पालिका रुपमा विकास गरिनेछ ।

३७. खेलकुद विकास कार्यविधि २०८१ मा भएको व्यवस्था बमोजिम गाउँपालिका स्तरीय खेलकुद विकास समिति गठन गरी खेलकुदमा युवा सहभागिता तथा पालिका, जिल्ला, प्रदेश एवम् राष्ट्रिय स्तरका विभिन्न प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीलाई सम्मान र पुरस्कारको व्यवस्था गरिनेछ ।खेलकुदका लागि विनियोजित बजेटबाट व्यायाम तथा खेल सामग्रीहरुको व्यवस्थापन र विभिन्न खेलका स्थानीय प्रतियोगिताहरु सञ्चालन गरिनेछ ।

## ख. स्वास्थ्य शाखा

१. पालिकावासीहरुको आधारभुत स्वास्थ्य सेवाको सहज पहुँचका लागि सम्पुर्ण वडामा स्थापना भई संचालनमा रहेका स्वास्थ्य संस्थाहरुको सुदृढीकरण गर्दै लगिनेछ ।

२. समुदाय स्तरमा स्वास्थ्य सेवाको सहज पहुँचका लागि स्थापना भएका गाउँ घर क्लिनिक र वाह्य खोप क्लिनिक लाई व्यवस्थित गर्दै लगिनेछ ।

३. विपन्न नागरिकहरुका लागि उपलब्ध गराउदै आएको स्वास्थ्य उपचार सहयोग कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४. वडा नं. ५ स्याफ्रुबेशी स्वास्थ्य चौकीमा निशुल्क रुपमा उपलब्ध भैरहेको प्याथोलोजी ल्याव सेवालाई निरन्तरता दिइनेछ ।

५. मानसिक स्वास्थ्य तथा नसर्ने रोग संग सम्वन्धित रोगीहरुले नियमित सेवन गर्ने औषधि गाउँपालिका वाट विशेष व्यवस्था गरी स्वास्थ्य संस्था वाट उपलब्ध गराईनेछ ।

६. गाउँपालिका वड्दै गएको सर्ने तथा नसर्ने रोगको न्यूनिकरणको लागि समुदाय स्तरमा **पालिका अध्यक्ष** स्वास्थ्य परिक्षण कार्यक्रमलाई निरन्तर्ता दिईनेछ ।

७. नागरिक आरोग्यता प्रबर्धन गर्न उपयुक्त आहार, बिहार, ध्यान, योग, प्राणायाम आदिबारे बिद्यालय तह समेतमा सचेतना कार्यक्रमहरु मार्फत निरोगी बन्न प्रोत्साहित गरिनेछ ।

८. एम्बुलेन्स सेवा सञ्चालन निर्देशिका, २०७९ अनुरुप गर्भवती महिला र जेष्ठ नागरिकलाई अस्पताल सम्म सहज पहुँचका लागी निशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिइनेछ ।

९. **पालिका उपाध्यक्ष** कार्यक्रम मार्फत गर्भवती सुत्केरी लाई दिदै आएको प्रोत्साहान रकमलाई निरन्तर्ता दिईने छ । साथै ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रमलाई थप व्यवस्थित गरिने छ । महिलाहरुको प्रजन्न स्वास्थ्यलाई विशेष प्राथामिकतामा राखी मातृ तथा वाल स्वास्थ्य सेवालाई थप सुद्धिढ वनाईने छ साथै पाठेघर मुखको क्यान्सरआङ खस्ने लगाएतका , रोगहरुको पहिचानको लागि स्क्रिनिङ क्याम्पलाई निरन्तर्ता दिईनेछ ।

१०. सरकारी तथा गैरसरकारी संघसंस्थाको साझेदारीमा रोगको निदान तथा उपचार गर्नको लागि विशेषज्ञसहितको स्वास्थ्य शिविर संचालन गरिनेछ ।

११. स्वास्थ्यकर्मी तथा सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुको दक्षता विकासको लागि क्षमता अभिवृद्धि गरी उनिहरुको सेवालाई थप प्रभावकारी वनाईनेछ । साथै ६० वर्ष उमेर पुरा गरेका सामुदायिक महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई सम्मानजनक विदाईको लागि विशेष प्याकेजको व्यवस्था गरिनेछ ।

१२. हाल प्रदेश अन्तर्गतको अस्पताल वाट मात्र निशुल्क प्रदान गरिदै आएको रेविजटि .टि , भ्याक्सिन गाउँपालिका अन्तर्गतको सवै स्वास्थ्य संस्थावाट निशुल्क उपलब्ध गराईनेछ ।

१३. सामुदायिक विद्यालयमा अध्यनरत विद्यार्थीहरुको लागि नियमित स्वास्थ्य परिक्षण गर्ने व्यवस्था मिलाईनेछ ।

१४. करार सेवामा कार्यारत स्वास्थ्यकर्मीहरुलाई प्रोत्साहान स्वरुप सामाजिक सुरक्षालाई सुदृढ बनाउन कार्यविधि बनाइ व्यवस्थित गरिनेछ ।

१५. जनप्रतिनिधि तथा कर्मचारीहको लागि साझेदारी कार्यक्रम मार्फत उपचार सौलियत कोषको व्यस्था गरी औषधी उपचार गर्ने व्यवस्था गरिने छ

## **ङ महिला बालबालिका तथा.सामाजिक समावेशीकरण**

१. लैङगिक समानता तथा सामाजिक समावेशीकरण संस्थागत गर्दै समावेशी विकासको प्रर्वद्धन गर्न लैङगिक समानता तथा सामाजिक समावेशीकरण नीतिलाई प्रभावकारी रुपमा कार्यन्वयन गरिनेछ ।

२.महिलाहरुको सशक्तीकरण तथा समावेशीकरणका लागि संस्थागत सहभागिता अभिबृद्धि गर्दै क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।लक्षित वर्ग पहिचान गरी शिक्षा स्वस्थ्य एवम् रोजगारीमा प्राथमिकता प्रदान गरिनेछ ।

३. उद्यम व्यवसायमा संलग्न महिला व्यावसायीहरुको व्यवसाय प्रवर्द्धनका लागि व्यावसायिक महिला समूह निर्माण तथा व्यवसाय स्थापना तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।

४. लैङ्गिकतामा आधारित सबै प्रकारका हिंसालाई दुरुत्साहन गर्न र हिंसा पीडित तथा किशोरीहरुलाई सहज तथा दीर्घकालिन सहायता कार्यक्रम सञ्चालन गरिने छ ।

५. **जेष्ठ नागरिकलाई सम्मान: सम्मानित जेष्ठ नागरिक हाम्रो अभियान** अन्तर्गत सबै जेष्ठ नागरिक सेवा केन्द सञ्चालन तथा जेष्ठ नागरिक सहायता एवम् सम्मान कार्यक्रम सञ्चालन गरिने छ ।

६.अपाङ्गता भएका व्यक्तिहरुको सम्मानित र सहज जीवन यापनका लागि परिवार तथा समुदाय सचेतीकरण कार्यक्रम तथा अपाङ्ग संरक्षण तथा संम्बर्धनका कार्यक्रम संञ्चालन गरिनेछ ।

७. जनजातिहरुको भाषा,लिपि र सँस्कृतिको जगेर्ना गर्दै मौलिक इतिहास र सँस्कृतिको संरक्षण सम्बर्धन र लिपिबद्ध गरिनेछ ।

८. दलित समुदाय लक्षित सिप विकास,उद्यमशीलता विकास,क्षमता विकास सम्बन्धि कार्यक्रम सञ्चालन गरिनेछ । गाउँपालिका भित्र दलित समुदायले परम्परागत रुपमा गर्दै आइरहेको पेशाको निरन्तरता,आधुनिकीकरण एवम् स्वरोजगार मूलक तथा सिपमूलक कार्यक्रमको लागि आवश्यक पहल गरिनेछ ।

न्यायीक

. गाउँपालिका क्षेत्रका तालिम प्राप्त मेलमिलापकर्ताहरुका लागि न्यायिक कार्य सम्पादन सम्बन्धी विद्यमान ऐन नियमावली तथा कार्यविधिहरुको प्रबोधिकरण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२. मेलमिलाप सम्बन्धि तालिम दिने सूचिकृत संस्थाहरुसँग समन्वय गरी गाउँपालिका क्षेत्रका इच्छुक र तालिम लिन योग्य व्यक्तिहरुलाई मेलमिलापकर्ता हुनका लागि आठ दिवासिय ४८ घण्टे मेलमिलाप सम्बन्धी तालिम कार्यक्रम संचालनलाई निरन्तरता दिईनेछ ।

३.यस गाउँपालिकामा न्यायिक कार्य सम्पादनका लागि व्यवस्थित इजलास कक्षा तयार गरी संचालनमा ल्याइनेछ।

४.गाउँपालिकाको प्रत्येक वडामा मेलमिलाप सेवा केन्द्र संचालन गरी न्यायिक समिति र मेलमिलापकर्ताको माध्यमबाट विवाद निरुपण हुने स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४७ को उपदफा १ र २ मा उल्लेखित बुँदाहरुलाई फ्लेक्स प्रिन्टमा तयार गरी उक्त कक्षमा व्यवस्थापन कार्यलाई निरन्तरता दिईनेछ ।

५.यस गाउँपालिकाका न्यायिक समितिका पदाधिकारीहरु, कार्यपालिका सदस्य तथा आठ दिवासिय ४८ घण्टा तालिम प्राप्त मेलमिलापकर्तालाई ३ दिने कानूनी विषयको तालिम कार्यक्रम संचालन गरिनेछ ।

६.गाउँपालिका न्यायिक समिति तथा वडास्तरको मेलमिलापकर्ता बैठकका लागि आवश्यक रकम विनियोजन गरिनेछ ।

७.यस गाउँपालिकाका न्यायिक समितिका पदाधिकारीहरु तथा स्थानीय न्यायिक सहजकर्तालाई अध्ययन अवलोकन भ्रमणको लागि आवश्यक रकम विनियोजन गरिनेछ ।

८. स्थानीय न्यायिक सहजकर्ताको तलब प्रदेश सरकारबाट ६० प्रतिशत मात्र विनियोजन भएकोले ४० प्रतिशत यस गाउँपालिकाबाट विनियोजन गर्नु पर्ने प्रबाधन रहेको हुदाँ सो रकम विनियोजन गरिनेछ ।

९.गरिवी तथा विपन्न वर्गका लागि न्यायिक दस्तुरमा छुट दिने नीति अवलम्बन गरिनेछ ।

## प्रकोप पूर्वतयारी एवम् पूर्वाधार

१. स्थानीय विपत व्यवस्थापन समितिलाई सक्रिय बनाइ सानध स्रोत सम्पन्न बनाइनेछ।

२. विपत व्यवस्थापन कोषको सुदृढीकरण गरी प्रकोप पिडीतलाई सहज रुपमा राहत तथा पुर्नर आवासको छ ।

३. अटोमेसन लगायत प्रकोपपूर्व सूचना प्रविधि भित्र्याइनेछ ।

४. वस्ती तथा वडा स्तरीय इनिसियल रेपिड एसिसमेन्ट टिमको निर्माण गरी सक्रिय गराइनेछ ।

अन्त्यमा,

यस गाउँपालिकाको नीति तथा कार्यक्रम तयार गर्न महत्वपूर्ण योगदान दिनुहुने जनप्रतिनिधि राजनीतिक दलहरु उपभोक्ता समितिका पदाधिकारीहरु ,नागरिक समाज समाज शिक्षक प्रधानाध्यापक गाउँपालिकाबासी विज्ञ सल्लाहकारहरु सम्पूर्ण कर्मचारी लगायत प्रत्यक्ष/ अप्रत्येक्ष रुपमा सहयोग गर्नु हुने सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

यस नीति तथा कार्यक्रम कार्यान्वयनका लागि संघीय र प्रदेश सरकार राजनीतिक दलहरु निर्वाचित जनप्रतिनिधिहरु अन्य सम्बन्धित निकायहरु,पालिका बासीहरु तथा सम्पूर्ण कर्मचारीहरुबाट पूर्ण रुपमा सहयोग हुने विश्वास लिएको छु ।

धन्यवाद

कैसाङ नुर्पु तामाङ

गाउँपालिका अध्यक्ष

२०८१/३/१०